# फिदिम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर

१ नं. प्रदेश नेपाल

आ.व. २०७९/०८० को आन्तरिक आय ठेक्का वन्दोवस्त सम्वन्धी दरभाउपत्र आह्वानको सूचना।
तेश्रो पटक सूचना प्रकाशन मिति- २०७९/०३/

स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम यस कार्यालयले लगाउन सक्ने देहायका कर, दस्तुर, शुल्क सम्वन्धी आन्तरिक आय ठेक्का आ.व. २०७९/०८० को लागि मिति २०७९ श्रावण देखि २०८० असार मसान्तसम्म नगर निकासी शुल्कको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म, कम्पनी र संस्था सम्वन्धित सबैमा सिलवन्दी दरभाउपत्र आह्वानको ७ दिनको सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | ठेक्काको किसिम | न्यूनतम कवुल अंक वार्षिक मु अ.कर वाहेक | दरभाउपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| १-२०७८/०७९ | नगर निकासी शुल्क | ५,००,०००।- | १०००।- | कवुल अंकको कम्तीमा ५ प्रतिशत |

१. दरभाउपत्र फाराम रु. १०००।- अक्षेरेपी रु एकहजार (फिर्ता नहुने ) बुझाई प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाण पत्र लिएका फर्म ,कम्पनी / संस्थाले दरभाउपत्र खरिद गर्न गर्न आ.व. २०७८/०७९ सम्मको नविकरण भएको प्रमाण- **पत्र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण- पत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपी समेत वुझाई** यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. यस कार्यालयको छाप र दस्तखत नभएको दरभाउपत्रलाई मान्यता दिईने छैन र छाँया प्रति दरभाउपत्र फाराम स्वीकार्य हुने छैन साथै जसको नामबाट दरभाउपत्र खरिद गरिएको हो सोही फर्मको नामबाट दाखिला गर्नुपर्ने छ।

३. सिलवन्दी दरभाउपत्रको खाममा ठेक्का नं. ठेक्काको नाम र दरभाउपत्रदाताको नाम, ठेगाना, मोवाईल नं.,ईमेल र छाप स्पष्ट उल्लेख गर्नुपर्नेछ।

४. यो सूचना तेश्रो पटक प्रकाशन गरिएको मितिले ७ औं दिनको कार्यालय समय भित्र दरभाउपत्र खरिद गरी ८ औं दिनको १२:००भित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ र दरभाउपत्र सोही दिनको २:०० वजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सो समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न वाधा पर्ने छैन। दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे उक्त कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेपछि सोही समयमा हुनेछ।

५. सिलवन्दी दरभाउपत्र फारामका साथ आफूले कबुल गरेको अंकको कम्तिमा ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खाना नं. ०६७०३०००००३००००००००१ मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकबाट फिदिम नगरपालिकाको नाममा जारी गरिएको कम्तिमा ७५ दिन मान्य अवधि भएको बैक जमानत पेश गर्नुपर्नेछ।

६. दरभाउपत्र फाराम भर्दा फाराममा तोकिएको विषयहरु आफूले कवुल गरेको अंक र अक्षरमा समेत प्रष्ट लेखिएको हुनुपर्ने छ। कुनै व्यहोरा सच्चाएको ठाँउमा दरभाउपत्रदाताको दस्तखत भएको हुनुपर्ने छ। अंक र अक्षरमा फरक परे अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

७. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकारलाई वुझाउनु गर्ने सम्पूर्ण कर ,दस्तुर, शुल्क आदि ठेकेदार आफैले वुझाउनु पर्नेछ।

८. यस कार्यालयबाट विगत वर्षहरुमा लगाईएको ठेक्काको रकम वुझाउन वक्यौता रहेको फर्म /कम्पनी/ संस्थाहरुको दरभाउपत्र स्वीकृत हुनेछैन।

९. दरभाउपत्र स्वीकृत भएपछि कवुल रकम दुई किस्तामा वुझाउनु पर्नेछ।

१०. नगरपालिकाले तोकेको दररेट अनुसार मात्र ठेकेदारले शुल्क /कर पठाउनु पर्नेछ।

११. ठेक्का स्वीकृत पश्चात संझौताको लागि आफूले कवुल गरेको रकम बरावर नगदै यस कार्यालको बैंक खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट स्वीकृत प्राप्त बैकबाट फिदिम नगरपालिकाको नाममा जारी भएको २०८० साल श्रावण मसान्त सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ ।

१२. माथि उलेखित सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१३. यस सम्वन्धमा थप कुरा वुझ्न परेमा कार्यालयको मोवाईल नं. ९८५२६२३१११ मा सम्पर्क गर्न सक्नु हुनेछ।

१४. उल्लेखित ठेक्काको दर वीड डकुमेण्टमा संलग्न गरिएको छ।

१५ . यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा फिदिम नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त कार्यविधि, २०७८ र नेपालको प्रचलित कानून बमोजिम हुनेछ।

(फिदिम नगरपालिकाको कार्यालय, फिदिम, पाँचथर, १ नं. प्रदेश, नेपाल)

गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत